यहि मिति २०८१ फाल्गुन महिनाको [illegible] गते बसको कार्यपालिका बैठकको निर्णयहरुः

१. यस गाउँपालिका गाउँ कार्यापालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो।

२. आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारले २०८१ मा स्वीकृत गरेको समपूरक तथा विशेष अनुदान कार्यविधि बमोजिम महाभारत गाउँपालिकाको देहायका प्राथमिकता क्रम अनुसार समपूरक तथा विशेष आयोजनाहरु नेपाल सरकार समक्ष माग गर्ने गरियो।

समपूरक आयोजनाको प्राथमिकता क्रम

| सि नं | आयोजनाको नाम | आयोजनको लागत | आयोजनाको प्रकृति/प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | ताराखसे लेख अमलबास टोकेदमार सडक | ७ करोड | बहुवर्षिय (तीन आर्थिक वर्ष) | |
| २ | देविटार मगरगाउँ आहाले बाँसपुर सडक | ७ करोड | बहुवर्षिय ( तीन आर्थिक वर्ष) | |

विशेष आयोजनाको प्राथमिकता क्रम

| सि नं | आयोजनाको नाम | आयोजनको लागत | आयोजनाको प्रकृति/प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | उघाउने मार भञ्ज्याङ लामीटार खानेपानी आयोजना | ३ करोड | बहुवर्षिय (तीन आर्थिक वर्ष) | |
| २ | कलोन मजुवा खान् द्रुके कोल्टार घमाइलो सेपाइलो राई भञ्ज्याङ खानेपानी आयोजना | ३ करोड | बहुवर्षिय ( तीन आर्थिक वर्ष) | |

साथै आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत भएको तीन वर्षीय कोल्टार वडा नं ३ कार्यालय मसानेभञ्ज्याङ महादेवटार सडक आयोजना (समपूरक) का लागि आर्थिक वर्ष २०८२/८३ मा रु २ करोड १० लाख ७० हजार १३० बजेट विनियोजन गर्न नेपाल सरकारसमक्ष माग निर्णय गरियो।

३.यस गाउँपालिका अन्तर्गत सञ्चालित श्री गोकुले मावि महाभारत-१ गोकुलेको छात्राबास निर्माणका लागि विद्यालयबाट पेश गरेको ड्रइङ तथा डिजाइन स्वीकृत गरी बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय समक्ष थप बजेट माग गर्ने निर्णय गरियो।

४. कार्यपालिकाबाट गठित पालिकास्तरीय योजना अनुगमन तथा मूल्याङ्कन समितिको चालु आ.व. २०८१/८२ को माघमहिनाको प्रगति प्रतिवेदन छलफल तथा समीक्षाका लागि बैठकमा पेश गरियो ।

५. महाभारत गाउँपालिकालाई दीर्घकालीन सोच तथा योजनाबद्ध विकास प्रणालीमा आबद्ध गर्न चालु आवधिक योजना (आव २०७९/८०-२०८३/८४) अध्यावधिक तथा मध्यमकालीन खर्च संरचना निर्माण प्रक्रिया थालनी गर्ने साथै सडक गुरुयोजना अध्यावधिक गर्ने निर्णय गरियो।

६. महाभारत गाउँपालिकामा वसोबास गर्ने माझी समुदायले मनाउने लदी पर्व २०८१ साल फागुन २० गतेका दिन परेकाले उक्त दिन महाभारत गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु (अत्यावश्यक सेवाबाहेक) मा समेत सार्वजनिक विदा दिने निर्णय गरियो ।

७. स्थानीय विपद व्यवस्थापन समिति महाभारत गाउँपालिकाको मिति २०८१ फागुन १२ गतेको निर्णय सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

कान्छामान जिम्वा
प्रवक्ता

कान्छामान जिम्बा
प्रवक्ता